# कटारी नगरपालिका
## नगर कार्यपालिकाको कार्यालय
**कटारी,उदयपुर**

**प्रदेश नं. १ , नेपाल**

## आ.व. २०७९/८० को लागि ढुंगा, गिट्टी, ग्रावेल, रोडा, बालुवा उत्खनन, संकलन तथा बिक्री कर उठाउने सम्बन्धी (बढाबढ) बोलपत्र आह्वानको सूचना ।

***दोश्रो पटक प्रकाशित मिति २०७९/०८/०८***

नेपालको संविधान २०७२ को अनुसूची-८ तथा स्थानीय सरकार संचालन ऐन २०७४ को दफा ११ को उपदफा २ घ को (६) र कटारी नगरपालिकाको निर्णय बमोजिम स्थानीय तहको अधिकार क्षेत्र भित्रका देहाय बमोजिमका ठेक्का (बढाबढ) बोलपत्र मार्फत बन्दोबस्त गर्नुपर्ने भएकोले १५ दिने अवधि राखी दोश्रो पटकको लागि पुन यो बोलपत्र आह्वानको सूचना प्रकाशित गरिएको छ । देहायका शर्तहरुको अधिनमा रही बोलपत्र कटारी नगरपालिकाको राजश्व शाखावाट तोकिएको मिति भित्रमा दर्ता गुर्न हुन सबैमा जानकारीको लागि यो सूचना प्रकाशित गरिएको छ । यो सूचना यस कार्यालयको वेवसाइट **http://www.katarimun.gov.np** मा पनि हेर्न सकिनेछ ।

**तपसिल**

| सि. न. | आय ठेक्का नं. | खोलाको नाम | उत्खनन् क्षेत्र | संकलन,उत्खनन् तथा निकासीको परिमाण (घन मिटर) | दर प्रति घन मिटर | न्युनतम अंक (कर वाहेक) | बोलपत्र फारम दस्तुर |
|---|---|---|---|---|---|---|---|
| १ | १/२०७९/८० | तावा खोला प्याकेज नं.१ | वडा नं ७ भएर वग्ने तावाखोला | १०६०० | २११.६७ | २२४३७०२ | ३००० |
| २ | २/२०७९/८० | तावा खोला प्याकेज नं.२ | वडा नं ३ र ५ भएर वग्ने तावाखोला | १२००० | २११.६७ | २५४००४० | ३००० |
| ३ | ३/२०७९/८० | तावा खोला र कमला खोला प्याकेज नं. ३ | २ नं वडा भएर वग्ने तावाखोला र कमला खोला | १०५०० | २११.६७ | २२२२५३५ | ३००० |
| ४ | ४/२०७९/८० | वेलसोत खोला, कमला खोला प्याकेज नं. ४ | वेलसोत खोला, कमला खोला, तिम्राहि, सिस्नेरी | १२६०० | २११.६७ | २६६७०४२ | ३००० |

**बोलपत्र सम्बन्धी शर्तहरु :**

१. ठेक्काको बोलपत्र फारम यस कार्यालयबाट पछि फिर्ता नहुने गरी यो सूचना प्रकाशित भएको मिति देखि १५औं दिन सम्म कार्यालय समय भित्र रु. ३०००।- ( तिन हजार) रकम (पछि फिर्ता नहुने गरी) बुझाएको नगदी रसिदका साथ व्यवसाय दर्ता, स्थायी लेखा नम्बर (मु.अ.कर सहित) र आ.व. २०७७/२०७८ सम्मको आयकर चुक्ताको प्रमाणपत्रहरुको प्रतिलिपीहरु राखी ईच्छुक फर्म, कम्पनी वा निजको आधिकारीक प्रतिनिधिले कार्यालय समयभित्र कटारी नगरपालिकाको राजश्व शाखावाट फारम खरिद गर्न सक्नेछ ।

२. खरिद भएका बोलपत्र १६औं दिनको १२:०० बजेसम्म दाखिला गर्न सकिनेछ । दाखिला हुन आएका बोलपत्र सोही दिनको २ बजे यस कार्यालयमा बोलपत्रदाता वा निजको प्रतिनिधि रोहवरमा खोलिनेछ । बोलपत्रदाता वा प्रतिनिधीको उपस्थित नभएमा पनि बोलपत्र खोल्न बाधा पर्ने छैन ।

३. खरिद भएको शिलबन्दी दरभाउपत्र फारम कवोल अंकको २.५ प्रतिशत रकम नगदै राष्ट्रिय वाणिज्य बैंक कटारी शाखामा रहेको यस कार्यालयको धरौटी खाता नं. २०५०१००३०३००००२ मा दाखिला गरेको सक्कल भौचर वाकम्तीमा ९० दिन म्याद भएको बैंक जमानीपत्र (BID BOND) पेश गर्नुपर्ने छ । कागजातहरु पेश नगरेको बोलपत्रदाताहरुको बोलपत्र उपर कुनै कार्वाही हुने छैन ।

४. ठेक्का अवधि सम्झौता भएको मिति देखि २०८० जेष्ठ मसान्तसम्ममात्र मान्य हुनेछ ।

५. बोलपत्र फारम भर्दा आफुले कवोल गरेको रकम अंक र अक्षर दुवैमा स्पष्ट हुनेगरी उल्लेख भएको हुनुपर्नेछ । अंक र अक्षरमा फरक परेमा अक्षरमा लेखिएको लाई मान्यता दिईनेछ ।

६. बोलपत्रदाताले कबोल गरेको रकम एकमुष्ट नबुझाएमा कबोल गरेको कुल रकम (मु.क कर) समेत जोडी ३ किस्तामा बुझाउनु पर्नेछ । पहिलो किस्ता आफुले कबोल गरेको अंकको ४० प्रतिशत रकम सम्झौता गर्ने समयमा बाँकी ६० प्रतिशत रकमलाई बराबर भागलगाई दुई किस्तामा बुझाउनु पर्नेछ । सो दुई किस्ता वापतको दोस्रो किस्ता वापतको रकम २०७९ फागुन मसान्तभित्र र तेस्रो तथा अन्तिम किस्ता बापतको रकम २०८० बैशाख मसान्तभित्र बुझाउनु पर्नेछ ।

७. नदिजन्य पदार्थ उत्खनन, संकलन विक्री गर्दा IEE प्रतिवेदनमा स्वीकृत मापदण्ड र राष्ट्रपती चुरे तराई मधेश संरक्षण विकास समितिबाट प्राप्त परिपत्र, सहमती र मार्गदर्शनलाई आधार मानी उत्खनन्, संकलन र विक्री गर्नुपर्नेछ ।

८. सूचनामा उल्लेखित परिमाण भन्दा बढी नदिजन्य पदार्थ ठेकेदारले उत्खनन गरी विक्री वितरण गर्न पाउने छैन ।

९. नम्वरी आवादी जग्गामा प्रकृया पुऱ्याई उत्खनन गरेको तथा खोला नदी भन्दा बाहिरको क्षेत्रमा उत्खनन गरिएको ढुंगा, गिट्टी, वालुवाको राजश्व ठेकेदारले लिन पाउने छैन ।

१०. यसमा उल्लेख भएको कुराहरु सोही बमोजिम र यसमा उल्लेख नभएका कुराहरुको हकमा प्रचलित ऐन नियम अनुसार हुनेछ । विस्तृत जानकारीको लागि कटारी नगरपालिकामा सम्पर्क गर्न सकिनेछ ।

***प्रमुख प्रशासकीय अधिकृत***